'चलचित्र विकास बोर्डलाई समावेशी बनाउन माग'

काठमाडौं,पुस १६ । राष्ट्रियसभाका सांसदहरुले चलचित्र विकास बोर्डलाई संविधानको मर्म र भावनाअनुसार समावेशी बनाउनुपर्ने बताए । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको आजको बैठकमा भाग लिने सांसदहरुले बोर्डको संरचना संविधानको मर्मअनुरुप सबै पक्षलाई यथासक्य समट्ने गरी समावेशी हुनुपर्ने धारणा व्यक्त गरे ।

सो अवसरमा समितिका सांसद राधेश्याम पासवानले सदियौंदेखि कला र संस्कृतिका क्षेत्रमा महत्वपूर्ण योगदान दिँदैआएका दलित समुदायको बोर्डमा प्रतिनिधित्व हुनुपर्ने धारणा राखेका थिए । उनले समावेशी भन्न र देखाउनका लागि मात्रै नभई व्यवहारमा प्रष्ट उर्तानुपर्ने बताए । सांसद पदम परियारले पाँच जनाको बोर्ड सदस्यमा सबै समुदाय नअट्ने भए नहोस्रिने गरी पालैपालो सबै समुदायको प्रतिनिधित्व हुनुपर्नेमा जोड दिए ।

सांसद डा.अन्जान शाक्यले चलचित्र क्षेत्रमार्फत जनजातिको संस्कृति जर्गेना गर्दै आएका आदिवासी जनजातिको बोर्डमा प्रतिनिधित्व सुनिश्चित गर्न ध्यानाकर्षण गरिन् । यसैगरी भुवनबहादुर सुनारले नदोहोरिनेगरी सबै वर्ग र समुदायको बोर्डमा उपस्थिति सुनिश्चित गरी समावेशी सहभागितामा जोड दिए । छलफलमा भाग लिँदै सांसद बेदुराम भुसाल, विष्णुबहादुर विश्वकर्मा, सुरेशकुमार आलेमगरलगायतले चलचित्र क्षेत्रको विकास र विस्तारका लागि समावेशी प्रतिनिधित्व हुनुपर्ने धारणा व्यक्त गरे ।

सो अवसरमा सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले चलचित्र विकास बोर्डलाई समावेशी, स्वायत्त र सबैको अपनत्व हुनेगरी आवश्यक नीतिगत व्यवस्था गर्न सरकार तयार रहेको स्पष्ट गरे ।

समितिको बैठकमा उठाइएका जिज्ञासा सम्बोधन गर्नेक्रममा सञ्चारमन्त्री खरेलले सांसदहरूद्वारा उठाइएका महत्वपूर्ण सुझावहरूलाई समेटेर विधेयकलाई टुङ्गोमा पुऱ्याइनुपर्नेमा जोड दिँदै त्यसका लागि आवश्यक सहयोग गर्न सरकार प्रतिबद्ध छ भने । यसैगरी सञ्चार सचिव राधिका अर्यालले समावेश सहभागिताका सन्दर्भमा समितिमा उठेका विषयप्रति मन्त्रालय सकारात्मक रहेको बताए ।

सभापति तुलसाकुमारी दाहालले चलचित्र विकास बोर्डसँग सम्बन्धित विधेयकमाथिको दफावार छलफललाई यथासक्य छिटो टुङ्गोमा पुऱ्याउनुपर्ने धारणा व्यक्त गर्दै पेचिलो रुपमा प्रस्तुत समावेशी सहभागिताका सन्दर्भमा सञ्चार मन्त्रालय र सांसदहरुबिच बृहत् छलफल गरी सहमतिका साथ विधेयकलाई अन्तिम रुप दिने पक्षमा समिति रहेको बताइन् ।

स्याङ्जामा पुरुषभन्दा महिला मतदाता धेरै

वालिङ, पुस १६ । आगामी फागुन २१ गते हुन लागिरहेको प्रतिनिधिसभा निर्वाचनमा स्याङ्जामा दुई लाख ४८ हजार मतदाता कायम भएको छ । २०८२ फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा भई दुई लाख ४८ हजार ८१६ जनाले आगामी प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न पाउने भएका हुन् । जिल्ला निर्वाचन कार्यालय स्याङ्जाका प्रमुख श्रीराम थापाका अनुसार पुरुष एक लाख २२ हजार ४६४, महिला एक लाख २६ हजार ३५१ र अन्य एक गरी कुल दुई लाख ४८ हजार ८१६ मतदाता रहेका हुन् । जिल्लामा पुरुष मतदाताभन्दा महिला मतदाताको संख्या धेरै रहेको छ । पुरुषभन्दा महिला मतदाता तीन हजार ८८७ जना धेरै रहेका छन् । दुई निर्वाचन क्षेत्र रहेको स्याङ्जामा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं.१ मा एक लाख ३० हजार ८८६ मतदाता छन् । स्याङ्जा क्षेत्र नं २ मा एक लाख १७ हजार ९३० मतदाता छन् । क्षेत्र नं १ मा गत निर्वाचनका तुलनामा यस वर्ष तीन हजार ४७५ मतदाता थप भएका छन् । क्षेत्र नं २ मा एक हजार २५२ मतदाता थपिएका कार्यालय प्रमुख थापाले जानकारी दिए । जिल्लामा २०७९ को निर्वाचनमाभन्दा यस वर्षको निर्वाचनमा कुल चार हजार ७२७ मतदाता थपिएका हुन् ।

विसं.२०७९ मा भएको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा दुई लाख ४४ हजार ०८९ मतदाता रहेका थिए । स्याङ्जा जिल्लामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि १९९ मतदानस्थल कायम गरिएको छ भने ३२२ मतदान केन्द्र रहने उनले जानकारी दिए । गत निर्वाचनमा १९९ मतदानस्थल रहेको थियो भने मतदान केन्द्र ३२० कायम रहेकोमा यसपटक दुई मतदान केन्द्र थप भएका हुन् ।

निर्वाचन लोकतन्त्रको असल अभ्यास: गृहमन्त्री

मोरङ, पुस १६ । गृहमन्त्री ओमप्रकाश अर्यालले गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा हराएका, लुटिएका हतियार र बन्दीगृहबाट फरार कैदीलाई आगामी फागुन २१ गते अगावै नियन्त्रणमा ल्याइसक्ने जानकारी दिएका छन् ।

गृहमन्त्रालय र कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा संयुक्त रुपमा बुधबार विराटनगरमा आयोजित कोशी प्रदेशस्तरीय सुरक्षा समितिको बैठकमा उनले फरार अधिकांश कैदीबन्दी सम्पर्कमा भइसकेको र बाँकीलाई समेत विशेष अभियान सञ्चालन गरी यथाशीघ्र नियन्त्रणमा ल्याइने बताए ।

गृहमन्त्री अर्यालले भने,'राजनीतिक दलहरुले लुटिएका हतियार र फरार कैदीबन्दीलाई प्रमुख सुरक्षा चुनौतीको रुपमा औंल्याएको विषयप्रति सरकार संवेदनशील भएर काम गरिरहेको छ । दलसँगको वार्ता र संवादको समेतको विषयमा सरकार जिम्मेवार, संवेदनशील र त्यतिकै उत्तरदायी रहेको छ ।' भयरहित निष्पक्ष र शान्तिपूर्ण चुनावको तयारीका लागि सरकारले चालेका कदमहरुमध्ये सुरक्षा गोष्ठी पनि एक भएको उनले बताए । सरकारले निर्वाचनपूर्व, निर्वाचनको अवधि र निर्वाचनपश्चात्का कार्यहरुमा समेत प्रदेश सरकारको सक्रियता रहने गरी संयन्त्रहरु बनाएको उनले जानकारी दिए । गृहमन्त्री अर्यालले निर्वाचन लोकतन्त्रको असल अभ्यास भएको बताए । उनले निर्वाचनले नागरिक शक्तिलाई सरकारमा पुऱ्याई शासनको वैधानिकता प्रदान गर्ने बताए । उनले भने,'निर्वाचनबिना सुशासन कायम गर्न कठिन हुन्छ । देश थप अस्थिरतातर्फ धकेलिन सक्ने हुँदा सुशासन चाहने हो भने निर्वाचनको विकल्प छैन ।'

निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्ने मूल 'म्यान्डेड'का साथ गठन भएको यस नागरिक सरकार मूलतः सुशासन कायम गर्दै शान्ति सुरक्षाको प्रत्याभूतिसहित तोकिएकै मितिमा स्वच्छ, निष्पक्ष र धाँधलीरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने मूल ध्येयका साथ अघि बढिरहेको गृहमन्त्री अर्यालको भनाइ छ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले गैरदलीय सरकारलाई तटस्थ भएर निर्वाचन गराउन आग्रह गरे । उनले निर्वाचनको वातावरण अझै बनिनसकेको बताए । मुख्यमन्त्री कार्कीले भने,'निर्वाचन आउन दुई महिना बाँकी त्यसको वातावरण निर्माण गर्नुपर्छ ।' सुरक्षाकर्मीलाई उच्च मनोवल बनाउनका लागि आवश्यक साधनस्रोतले सम्पन्न बनाउन गृह मन्त्रालयलाई मुख्यमन्त्री कार्कीले ध्यानाकर्षण गराए । उद्घाटन कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारी, गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेलगायले सम्बोधन गरेका थिए ।

सुरक्षा बैठकमा नेपाली सेनाका बलाधिकृत, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपालका सशस्त्र प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, कोशी प्रदेशका १४ वटै जिल्लाका सुरक्षा प्रमखहरुको सहभागिता रहेको छ ।

पाथिभरा बचत तथा ऋण सहकारी संस्था लि.को कर्जा चुक्ता गर्ने बारे ७ दिने अत्यन्त जरूरी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/१७ गते

यस संस्थाको कार्यलयबाट तपशिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम यस संस्थासंग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस सहकारीबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत तपाई ऋणी तथा जमानतकर्ताहरूले सोको पूर्ण वेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता रकम चुक्ता फर्चौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले दोस्रो पटक यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यसै सूचनाद्वारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी भाग गरिएको छ । यस संस्थाको कार्यलयमा सम्पर्क राखी यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको यस संस्थाको सम्पूर्ण रकम चुक्ता फर्चौट गर्न गराउनका लागि सम्बन्धित ऋणी धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ताहरु समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । यो सूचना समेतको .बेवास्ता गरी उल्लेखित समयावधिभित्र यस सहकारीको सम्पूर्ण रकम चुक्ता फर्चौट नगर्नु भएको खण्डमा तपाई ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंक तथा सहकारी विभागबाट जारी निर्देशन २०८२ बमोजिम कालो सूचीमा समावेश गराइने, कर्जाको सुरक्षणबापत धितोमा रहेका तपशिल बमोजिमका सम्पत्तिहरू सहकारी निर्देशन २०८२ बमोजिम र प्रचलित कानून बमोजिम लिलाम बिक्रि वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिहरूबाट संस्थाको सम्पूर्ण कर्जा चुक्ता नभएको खण्डमा वहा ऋणी तथा जमानतकर्ताहरुको समेत घरघराना तथा अन्य जायजेथाबाट असुल उपर गरिने छ ।

तपसिल

संस्था : पाथिभरा बचत तथा ऋण सहकारी संस्था लि. सिनपा-८

ऋणीको नाम ठेगाना	जग्गा तथा जग्गाधनीको विवरण
१. दिलिप कुमार नापीत ना.प्र.नं.: २३३६ जारी मिति : २०५१/०८/१४ स्थायी ठेगाना : सिनपा-८ हालको ठेगाना : सिनपा-८ पिताको नाम: राम सागर नापीत बाजेको नाम : शुख सागर नापीत कर्जाको किसिम : व्यवसायिक	धर्मागत उपाध्यायको नातिनी लेखराम शर्माको छोरी दिलिप कुमार नापितको पत्नी श्री कविता शर्माको नाममा रहेको रूपन्देही भैरहवा मालपोत कार्यलयमा दर्ता कायम रहेको जिल्ला रुपन्देही साबिक टिकुलीगढ हाल तिनपा वडा नं. १३ स्थित कित्ता नं. ९घ ४६३ को क्षेत्रफल (०-१-१५) जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

पाथिभरा बचत तथा ऋण सहकारी संस्था लि.
सिनपा-८, रुपन्देही

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलाटारी, नवलपरासी (ब.सु.प.)

सेवा करार सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/१७

यस प्रतापपुर गाउँपालिका अन्तर्गत देहाय बमोजिमका कर्मचारी आवश्यक परेको हुँदा सेवा करारमा पदपूर्तिका लागि दरखास्त आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवश्यक कागजात सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र. स.	विज्ञापन नं.	माग भएको पदको विवरण			
		पद/तह	श्रेणी/तह	माग संख्या	विज्ञापनको किसिम
१	०२/०८२/०८३	वारुणयन्त्र नायक	सहायक स्तर पाँचौ	१(एक)	खुल्ला
२	०३/०८२/०८३	नगरप्रहरी हवल्दार	सहायक चौथों	१(एक)	खुल्ला
३	०४/०८२/०८३	वारुणयन्त्र चालक	श्रेणी विहिन	२(दुई)	खुल्ला
४	०५/०८२/०८३	हेल्फर (वारुणयन्त्र)	श्रेणी विहिन	२(दुई)	खुल्ला

१. परिक्षाको किसिमः कार्यविधिले निर्धारण गरे अनुसार
२. परीक्षा केन्द्रः प्रतापपुर गाउँपालिकाको कार्यालय, बेलाटारी ।
३. परीक्षा दस्तुरः सूचनामा उल्लेख भए अनुसार
४. दरखास्त बुझाउने स्थानः प्रतापपुर गाउँपालिकाको कार्यालय, बेलाटारी ।
५. दरखास्त बुझाउने माध्यामः उम्मेदवार स्वयम आफै उपस्थित हुनुपर्नेछ ।
६. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०८२/१०/०१ गते) कार्यालय समय भित्र (तोकिएको अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा विदाको अर्को दिन दरखास्त बुझाउन सकिने छ ।
७. उम्मेदवारको उमेरः सूचनामा उल्लेख भए अनुसार ।
८. परीक्षा मितिः गाउँपालिकाबाट प्रकाशित गरिने सूचना बमोजिम हुनेछ ।
९. तलब भत्ताः स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार ।
१०. शैक्षिक योग्यताः सूचनामा उल्लेख भए अनुसार
११. करार अवधिः २०८३ असार मसान्त (आवश्यकता अनुसार थप हुनेछ) ।
१२. आवश्यक कागजात :तपसिल अनुसार

१२.१ वारुणयन्त्र नायकको हकमा
१. आवेदन फारम
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी -१ प्रति
३. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको प्रमाणित प्रतिलिपी-१ प्रति
४. पासपोर्ट साईजको फोटो २ प्रति ।
५. निरोगिताको प्रमाण पत्र डाक्टरी रिर्पोट सहित ।
६. प्रमाणपत्रको प्रमाणित प्रतिलिपी-१ प्रति
७. परीक्षा दस्तुर रु. ५००/००
८. उमेर :-१८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

१२.२ नगरप्रहरी हवल्दारको हकमा:
१. आवेदन फारम
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको प्रमाणित प्रतिलिपी-१ प्रति
३. नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट सेवा अवकास भई ४५ उमेर ननाघेको हुनुपर्ने छ,
४. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
५. कुनै राजनैतिक दल र सो दलको भातृ सस्था संगठनको सदस्य नरहेको,
६. मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,
७. महिलाहरुको लागि घटीमा ५ फिट, छाती ३१/३३,
८. पुरुषको हकमा घटीमा ५ फिट २ इन्च, छाती ३१/३३,
९. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,
१०. कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको,
११. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी -१ प्रति
१२. कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,
१३. शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ प्रति
१४. परीक्षा दस्तुर रु. ५००/००
१५. उमेर :- दरखास्त आव्हान भएको सालको बैशाख १ गते २१ वर्ष उमेर पुगेको २५ वर्ष ननाघेको तर खुल्ला प्रतियोगितामा भाग लिने बहालवाला नगर प्रहरीको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने ।

१२.३ वारुणयन्त्र चालकको हकमा:
१. आवेदन फारम
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी -१ प्रति
३. सवारी चालक अनुमति प्रमाण पत्र (दमकल) प्रमाणित प्रतिलिपी १ थान
४. पासपोर्ट साईजको फोटो २ प्रति ।
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ प्रति
६. निरोगिताको प्रमाण पत्र डाक्टरी रिर्पोट सहित ।
७. परीक्षा दस्तुर रु. ३००/००
८. उमेर :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

१२.४ हेल्फर (वारुणयन्त्र)को हकमा:
१. आवेदन फराम
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी -१ प्रति
३. पासपोर्ट साईजको फोटो २ प्रति ।
४. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ प्रति
५. अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ प्रति
६. परीक्षा दस्तुर रु. ३००/००
७. उमेर :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

पुनश्चः रित नपुगी का म्याद नाघि आएका दरखास्त उपर कुनै कारबाहि हुने छैन । थप जानकारीको लागि यस गाउँपालिकाको प्रशासन शाखामा सम्पर्कका लागि अनुरोध छ ।

अनिता वि.क.थारु (पदपूर्ति संयोजक)

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

विद्युतीय दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८२/०९/१७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) यस सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन, २०८२, प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची - ६ मा उल्लिखित दरमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाण र क्षेत्रविन्दुहरुबाट जरे खोलाका देहायका बगरघाटहरुबाट निर्धारित मापदण्ड बमोजिम आ.व.२०८२/८३ को लागि नदीजन्य पदार्थ उत्खनन् संकलन र बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको ठेक्का कबोल गर्न इच्छुक व्यक्ति वा फर्महरूबाट आवश्यक कागजात सङ्लग्न राखी देहायको मिति र समय भित्र विद्युतीय दरभाउपत्र पेस गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

सि. नं.	ठेक्का नं.	शीर्षकहरु	उत्खनन् परिमाण (घन मीटर/घन फिट	न्यूनतम रकम (सेवा शुल्क र मु.अ.कर बाहेकको रु.	धरौटी रकम कबोल अंकको ५%
२	०३/२०८२ /८३ राजश्य	मिलमिले पुलदेखि माथिल्लो क्षेत्र, खनालको बगर क्षेत्र, गाँडापारीको खेल भन्दा तल्लो घुम्ति क्षेत्र, कुडुले क्षेत्र र एक्ले ऑप क्षेत्र	३२८८.८ (घन मीटर) (११६१२७.५ घनफिट)	६,९६,७६५।- (छ लाख छ्यानब्बे हजार सात सय पैसठ्ठी मात्र)	

बैंकको विवरण : राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय सन्धिखर्क, अर्घाखाँची	दरभाउपत्र सम्बन्धी विस्तृत विवरण तथा कागजातहरु www.bolpatra.gov.np/egp. बाट तोकिएको दस्तुर तिरी खरिद गर्न सकिनेछ । विवरण प्रष्ट खुलाई तोकिएको समयमा अनलाईन मार्फत दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ । विस्तृत जानकारीको लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ । (सम्पर्क नं.९८५७०२८९८८)
फाराम दस्तुर रु.१,०००।-(एकहजार) मात्र खाता नम्बर ३०५०१००३०१०१०००२ SANHIKHARKA NP.PA.(GA-1-1)-AANTAR	
जमानत खाता (धरौटी खाता) २०५०१००३०३०००००२	

१. दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति २०८२ साल पौष २४ गते अपरान्ह १२:०० बजे भित्र PPMO's e– GP system. www.bolpatra.gov.np/egp मार्फत पेस गरिसक्नु पर्नेछ । पेस भएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० बजे खोलिने छ ।
२. दरभाउपत्र पेस गर्दा PPMO's e–GP system.www.bolpatra.gov.np/egp मा गई BOQ Download गरी अंक र अक्षरमा स्पष्ट रुपमा भरी दस्तखत र फर्मको लागि छाप तथा अन्य आवश्यक कागजातहरु सहित Upload गर्नु पर्नेछ ।
३. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
४. न्युनतम अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा सर्त राखी पेस गरेको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।
५. दरभाउपत्रमा उल्लेख भएका सर्तहरु यसै बमोजिम र उल्लेख हुन छुट भएका आवश्यक सर्तहरु सम्झौता पत्रमा समावेश गरिनेछ । अन्य व्यवस्थाहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

त्रिशुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
सिद्धार्थनगर-९, रुपन्देही

लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८२।०९।१७ गते

यस संस्थाबाट तपशिलमा उल्लेखित व्यक्तिहरुले आफ्नो व्यवसाय संचालन गर्न विभिन्न शिर्षकहरुमा ऋण लिएको र भाखाभित्र ब्याज तथा हर्जाना सहित साबा रकम चुक्ता गर्न नआएकोले पटक पटक सम्बन्धित व्यक्तिलाई मौखिक तथा लिखित रुपमा ऋण चुक्ता गर्न अनुरोध सहित ताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थासंग लिएको ऋण, ब्याज तथा हर्जाना तिर्न बुझाउन नआएको तथा सो तिरी बुझाई सकेको प्रमाण पेश गर्न नआएको हुदा यस संस्थाको बिनियमावली २०६५, कर्जा लगानी तथा अशुली नीति २०७५, सहकारी ऐन २०७४ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षण स्वरुप लेखिदिएको तपशिलमा उल्लेखित घर/जग्गा निम्न मिति, समय र स्थानमा लिलाम बिक्री गरिने भएकोले सो लिलाम बिक्रीमा डाक बढाबढ गरी लिन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सार्बजनिक सूचना प्रकाशित गरिएको र उक्त दिन कोही बोलकबोल उपस्थित नभएको कारण संचालक समितिको २०८२।०९।१३ गते बसेको २१२औं बैठकले पुनः ७ दिने सुचना प्रकाशन गर्ने निर्णय भएकोले सम्बन्धित ऋणीहरुलाई धितो लेखि दिने व्यक्ति र व्यक्तिगत धन जमानत दिने व्यक्तिहरुले यस संस्थालाई तिर्नु बुझाउनु पर्ने ऋण, ब्याज र हर्जाना तिरी, तिर्न लगाई धितो फुकुवा गर्न चाहेमा लिलाम हुनु अघि नै चुक्ता गर्न अन्तिम मौका समेत दिईनेछ । धितो राखेको सम्पतीबाट यस संस्थालाई बुझाउनुपर्ने साबा, ब्याज र हर्जाना अशुल उपर नभएमा सम्बन्धित ऋणीहरु तथा नीजका परिवारका अन्य व्यक्तिहरुको नाउमा रहेको जायजेथाबाट समेत अशुल उपर गरिने छ ।

क्र.सं.	ऋणीको नाम थर	ठेगाना	धितोको बिवरण	लिलाम बढाबढको लागी धितोको न्युनतम मुल्य
१	परमेश्वर कहारको बुहारी मनगाठु प्रसाद कहारको पत्नी बर्ष ७० को श्री राधिका कहाईन	हाल रुपन्देही जिल्ला मधुवनी वडा नं.६ ख	बुद्धि राम कहारको छोरी, मनगाठु प्रसाद कहारको पत्नी श्री राधिका कहाईनको नाममा मालपोत कार्यालय ४८१२०७८७९NL०००९०१४ मिति २०७८।०९।१३ गतेमा च.नं. ८८३३ दर्ता कायम रहेको साबिक मधुवनी वडा नं. ०८ कि.नं. २५८, क्षेत्रफल ०-१०-१६-०/३६५६.७० को जग्गा र सो ले चर्चेको लिग लगापात समेत ।	रु.४०,३३,०००। (अक्षरुपी चालिस लाख तेत्तिस हजार मात्र।)
२	श्री हिरालाल थापाको बुहारी श्री अर्जन थापाको पत्नी बर्ष ५३ को श्री रमा देवि थापा	साबिक गंगोलिया वडा.नं.०९हालतिलोत्तमा न.पा. वडा नं.१७	हिरालाल थापाको बुहारी, अर्जुन थापाको पत्नी श्री रमा देवि थापाको नाममा मालपोत कार्यालय ४८१२०७८७९NL०००८१८४ मिति २०७८।०८।२२ गतेमा च.नं. ८१०६ दर्ता कायम रहेको साबिक गंगोलिया वडा नं. ०९ कि.नं. ३३३, क्षेत्रफल ०-२-०-०/६७७.२६ को जग्गा र सो ले चर्चेको लिग लगापात समेत ।	रु. २०,८०,०००। (अक्षरुपी बिस लाख असी हजार मात्र।)

धितो लिलामी डाँक बढाबढ सम्बन्धी अन्य शर्तहरु:-

१. ऋण चुक्ता गर्नको लागि अन्तिम मौका स्वरुप समय प्रदान गरी संस्थाको तर्फबाट प्रस्तुत सूचना प्रकासित भएको मितिले ०७ (सात) दिन भित्र कर्जा चुक्ता हुन नसकेमा मिति २०८२ पौष २३ गते बुधबारका दिन (उक्त दिन कुनै कारणबस बिदा परेमा लगतै कार्यालय खुलेको दिन) दिनको ११:३० बजे संस्थाको कार्यालय सिद्धार्थनगर नगरपालिका वडा नं. ९ मा लिलामी डाँक बढाबढ सम्बन्धी कार्य हुनेछ ।
२. रकम कबुल गर्दा रकम कबुल गर्नेद्वारा कुनै सर्त राख्न पाईने छैन ।
३. लिलाम डाँक बढाबढमा भाग लिन ईच्छुक व्यक्ति स्वयम् आफ्नो सक्कलै नागरिकता लियर उपस्थित हुनु पर्नेछ । संगठीत संस्थाको हकमा रितपूर्वकको अख्तियारी तथा संगठीत संस्थाको दर्तासंग सम्बन्धित कागजातहरु सहित उपस्थित हुनुपर्नेछ । संस्थाले बोलकबुल अंक स्विकृत गरेको खण्डमा सोही व्यक्ति वा संगठीत संस्थाकै नाममा सम्पती दाखिल खारेज गर्न सिफारिस गरी पठाईने छ ।
४. लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठीत संस्थाले आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिसतले हुने रकम नगदै धरौटी वापत यस संस्थामा तत्काल नगदै जम्मा गर्नुपर्ने छ । धरौटी रकममा कुनै ब्याज दिईने छैन र प्रस्ताव स्विकृत वा अस्विकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
५. लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संस्थालाई धितोमा रहेको सम्पती बिक्री गर्ने वा नगर्ने अधिकार संस्थामा सुरक्षीत रहनेछ ।
६. सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठीत संस्थालाई सम्पती बिक्री गर्ने वा नगर्ने निर्णय संस्थाले लिलाम डाँक बढाबढ भएको ७ दिनभित्र गरी सो को सूचना बोलकबोलदातालाई दिईनेछ र बोलकबुलवालाले त्यस्तो सूचना प्राप्त गरेको १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्यादभित्र रकम नबुझायमा धरौटी रकम स्वत जफत हुनेछ ।
७. सम्पतिको स्वामित्व हस्तान्तरणका लागि संस्थाले पत्रचार नगर्दाको अबस्थासम्मको कुनै पनि अबस्थामा ऋणीले सम्पूर्ण रकम बुझाएमा लिलाम डाँक बढाबढ सम्बन्धी सम्पूर्ण प्रकृया जुन अबस्थामा पुगेको छ सोही अबस्थामा सोही समयमा रद्ध गरी धरौटी रकम फिर्ता गर्न सकिनेछ ।
८. सम्पति दाखिल खारेज नामसारी गर्दा लाग्ने नेपाल सरकारको सम्पूर्ण दै दस्तुर वा राजश्व सकार गर्ने आफैले तिर्नु पर्नेछ ।

अन्य जानकारीका लागि यस संस्थाको कार्यालय सिद्धार्थनगर नगरपालिका वडा नं. ९ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।